महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

आठराई त्रिवेणी गाउँपालिका

ताप्लेजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

आठराई त्रिवेणी गाउँपालिका

ताप्लेजुङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

आठराई त्रिवेणी गाउँपालिका

ताप्लेजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, बर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ४९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आठराई त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ताप्लेजुङ।

कैफियतसहितको राय

हामीले आठराई त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ४ करोड ९८ लाख ३८ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ४४ लाख ५७ हजार फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ३४ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड ९७ लाख १२ हजार, नियमित गर्नुपर्ने रु १ करोड ९२ लाख ४७ हजार र पेश्की रू २९ लाख ७५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९ करोड ६९ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु १४ करोड १३ लाख १९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको,

वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

आठराई त्रिवेणी गाउँपालिका ताप्लेजुङ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३७	६७	४९८३८	०	१०	४४५७	३७	५७	४५३८१	३४४७	१९२४७	१९७१२	०	०	३८९५९	२९७५

१.२ प्रतिक्रियाबाट फस्योंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	७	अनुदान फिर्ता	६५९९८६
२	३२	घनश्याम बरालको पेश्की फस्योंट	५००००
३	४२	पारिश्रमिक कर कट्टी	१२७७०
४	४६	आन्तरिक लेखापरीक्षणले औंल्याइएका बेरुजु फस्योंट	१६८३७०
५	५०	समिर प्रधानको प्रशिक्षकभत्तामा कर कट्टी	७५३०
६	५९	सुन्तला पकेट रु.१०२०००० र अलैची पकेटको रु. ११४०००० फस्योंट	२१६००००
७	६५	गुणस्तर निरीक्षण	९१३७५७
८	६९.१	सामाजिक सुरक्षा फिर्ता	४८४३८०.४५
		जम्मा	४४५६७९३.४५

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
आठराई त्रिवेणी गाउँपालिका	९६९६१	०	१०२३	९५९३८	०	४५३८१	१४१३१९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बिजय इङ्नाम	२०७७-५-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	भेष राज निरौला	२०७९-१-१९	हाल सम्म कार्यरत
		बेरुजु रकम	४५,३८१,३३६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२,९७,७७,२७७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३३,६९,७६,६६६	**चालु खर्च**	२८,१०,४५,७२१
प्रदेश सरकारबाट अनुदान	१,८२,७८,०००	**पूँजीगत खर्च**	११,९६,६६,९९९
राजश्व बाँडफाँट	५,२९,८०,३४०	**वित्तीय/अन्य व्यवस्था**	७,४०,८०,२४२
आन्तरिक आय	५४,९२,१५७		
अन्य आय	७,९८,२२,८०९		
कुल आय	४९,३५,४९,९७२	**कुल खर्च**	४७,४७,९२,९६२
बाँकी मौज्दात		१४,८५,३४,२८७	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आठराई त्रिवेणी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, ८८.८३ वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार ७८४ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण अबधिमा असुली

गाउँपालिकाको लेखापरीक्षणको क्रममा निम्न बमोजिम रु ३१८९६९७७ असुली भई सम्बन्धित खातामा बेक दाखिला भएको छ ।

<table><tr><td>विवरण</td><td>रकम</td></tr><tr><td>संघीय सरकारको अनुदान फिर्ता</td><td>३०९३२७४८</td></tr><tr><td>प्रदेश सरकारको अनुदान फिर्ता</td><td>९६४२२९</td></tr><tr><td>जम्मा</td><td>३१८९६९७७</td></tr></table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**प्राप्ति तथा भुक्तानी हिसाब** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम आठराई त्रिवेणी गाँउपालिकाले प्राप्त गरेकोआय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७८।७९को एकीकृत आय व्यय हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।	

आय		रकम	व्यय		रकम
गत वर्षको मौज्दात		१२९७७७२७७.६	गाउँपालिका चालु		१०३७२२४६१.०९
संचित कोष खाता खाता	१२३२८६३९९.९		गाउँपालिका पूजीगत		९२२११५५७.२१
धरौटी खाता	५२८५६६७.४६		नेपाल सरकार सशर्त अनुदान चालु		१५०३२१५९५
विविध कोष खाता	३३१४२०.७४		नेपाल सरकार सशर्त अनुदान पूँजीगत		१७१५५६५७
प्रकोप व्यवस्थापन कोष	८७३७८९.४६		समपुरक अनुदान नेपाल सरकार		२७०६६६६६
चालु आ.व.मा प्रासी भएको अनुदान/ रकम			सशर्त अनुदान प्रदेश नंबर १		११९९०१४
समानिकरण अनुदान नेपाल सरकार		१११५०००००	समपुरक अनुदान प्रदेश नंबर १		९०३५७७१
शसर्त अनुदान चालु नेपाल सरकार		१७०८८४०००	सामाजिक सुरक्षा भत्ता		४४७३५३३४
शसर्त अनुदान पुंजीगत नेपाल सरकार		२७५२६०००	प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम		४१६८७४०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

समपुरक अनुदान पुंजीगत नेपाल सरकार		२७०६६६६६	एकीकृत स्वास्थ्य पूर्वाधार विकाश कार्यक्रम		१३५०००००
समानिकरण अनुदान प्रदेश नंबर १		६४१९०००	चालु आ व मा फिर्ता भएको धरौटी		४८४७५६१.४५
शसर्त अनुदान चालु प्रदेश नं १		१८५९०००	प्रकोप व्यवस्थापनको कोष खर्च		५०६३८२०
समपुरक अनुदान चालु प्रदेश नं १		१०००००००	विविध कोष खाता		१७६४७८७
राजस्व बाँडफाँड संघीय सरकार/ प्रदेश सरकार		५२९८०३४०.२५	गरिव सँग विश्वेश्वर कार्यक्रम		०
आन्तरिक श्रोत		५४९२१५७.५९	राष्ट्रिय परिचय तथा पञ्जिकरण कार्यक्रम		०
सामाजिक सुरक्षा भत्ता		४४७३५३३४.	स्थानीय पूर्वाधार विकाश साझेदारी		०
प्रशासकीय भवन पूर्वाधार विकाश कार्यक्रम		४१६८७४०	बैंक मौज्दात		१४८५३४२८६.८५
एकीकृत स्वास्थ्य पूर्वाधार विकाश कार्यक्रम		१३५०००००.	धरौटी खाता	५१५६८४१.०१	
धरौटी खाता (चालु आ व मा प्राप्त धरौटी)		४७१८७३५.	प्रकोप व्यवस्थापन कोष	८०९९६९.४६	
प्रकोप व्यवस्थापन कोष (चालु आ व मा प्राप्त)		५०००००० .	विविध कोष खाता	६२६६६३३.७४	
विविध कोष खाता (चालु आ व मा प्राप्त)		७७०००००.	संचित कोष खाता	१३६३००८४२.६४	
कुल जम्मा		६२३३२७२५०.४४	कुल जम्मा		६२३३२७२५०.४४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**वित्तीय विवरणको विष्लेषण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • सरकारी कारोबार निर्देशिका २०७६ बुदा ४ बमोजिम आन्तरिक राजस्वखाता,बाँडफाडबाट प्राप्त राजस्वखाता,आन्तरिक अनुदानखाता, सञ्चित कोषखाता लगायत कोष खाता अद्यावधिक अभिलेख राख्नु पर्दछ । गाउँपालिकाले निर्देशिका बमोजिम उल्लेखित खाताको अद्यावधिक र सन्चितकोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको ट्रान्सफर अद्यावधिक नगरेको कारण सुत्र प्रणालिमा यथार्थ अभिलेख हुन सकेको छैन । • गाउँपालिकाले सुत्रमा रहेको प्राप्ति तथा भुक्तानी हिसाब २७२ तयार नगरी आय व्ययको विवरण तयार गरी पेश गरेको छ । स्थानीय संचित कोष व्यवस्थापन प्रणालीको यथार्थ हिसाब देखिने गरी नेपाल सार्वजनिक लेखामान बमोजिम प्राप्ति तथा भुक्तानी हिसाब तयार गरी पेश हुनुपर्दछ ।	
५			**खर्च खातामा मौज्दात** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ तथा सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्था छ । गाउँपालिकाको यस वर्षको अन्तमा चालु खर्च खातामा रु ३ करोड १३ लाख ९३ हजार पूँजिगत खातामा रु ४ करोड १३ लाख ८८ हजार गरी रु ७ करोड २७ लाख ८१ हजार मौज्दात देखिएकोले खर्च खाता शून्य गरी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा पालिकाको संचित कोषमा स्थानान्तरण गरेको देखिएन । ऐन तथा निर्देशिका बमोजिम खर्च खातामा बाँकी रहेको रकम पालिकाको संचित कोषमा स्थानान्तरण गरिनुपर्दछ ।	
६			**बैंङ्क हिसाब मिलान विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सो बमोजिम बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२) तयार गरी वित्तीय प्रतिवेदनसाथ पेश गरेको देखिएन । पालिकाको देहायबमोजम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु १४८५३४२८६।९० देखिएकोमा सो अबधिमा बैक अनुसार बैक मौज्दात रु १५८६३०४०२।२० देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु.१००९६११५।३० का सम्बन्धमा बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिनुपर्दछ ।	

खाताको नाम	श्रेस्ता अनुसारबाँकी	बैंक स्टेटमेण्टअनुसार बाँकी
चालु खर्च खाता		३३८५९७५२।७०
पूँजिगत खर्च खाता		४८६२५४०५।७९
स्थानिय तह धरौटी खाता	५१५६८४१.०१	५०१३४३१।०१
स्थानीय तह सञ्चित कोष खाता	१३६३००८४२।६४	६४०५५२१०।१५
विविध कोष खाता	६२६६६३३।७४	६२६६६३३।७४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>८०९९६९।४६</td><td>८०९९६९।४६</td></tr>
<tr><td>जम्मा</td><td>१४८५३४२८६।९</td><td>१५८६३०४०२।२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>अनुदान फिर्ता

✂ ....(प्रारम्भिक प्रतिवेदन उपर दाखिलाको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. ६५९९८६।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>८</td><td></td><td></td><td>आन्तरीक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले कार्यसञ्चालन सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।
वजेट व्यवस्थापनतर्फ
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन ।
गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिमको मध्यमकालिन खर्च संरचना तयार गरेको पाईएन ।
दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• गाउँपालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाईएन । • गाउँपालिकाले यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,पाईएन । • भ्रमण खर्च व्यवस्थापनतर्फ • भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरेको पाइएन, • नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे गरेको देखिएन • खरिद व्यवस्थापन तर्फ • स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिएन । • सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने मा तयार गरेको देखिएन • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी लागु भएको देखिएन । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन । • उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेकोमा , अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन । • उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• गाउँपालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन । • शिक्षातर्फ • गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको देखिएन । • विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन । • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको देखिएन । विविधतर्फ • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिईएको देखिएन • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन । • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फाराममा अभिलेख राखेको पाइएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवारी सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको देखिएन ।
• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको र अद्यावधिक भएको पाईएन ।
• म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखि अद्यावधिक भएको पाईएन ।
• जिन्सी निरीक्षण गरी प्रतिवेदन गर्नुपर्नेमा जिन्सी निरीक्षण गरेको पाईएन ।
• सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा जिन्सी लेखा अद्यावधिक गरेको पाइएन,</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूमा रहेका सम्पत्तिहरूको विवरण देहाय अनुसार छ ।
<table>
<tr><th>मुख्य सम्पति तथा मालसामानको नाम</th><th>जग्गाको क्षेत्रफल</th><th>भबन तथा सवारीको परिमाण</th><th>मुल्य रकम</th><th>प्रयोग/कैफियत</th></tr>
<tr><td>जग्गा</td><td>६५-२-२-१-१/२</td><td></td><td>-</td><td>-</td></tr>
<tr><td>जे सि बि</td><td></td><td>१</td><td>४६७५०००</td><td>विगत आ. व मा खरिद भएको</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जिप</td><td></td><td>१</td><td>४०५५०००</td><td>विगत आ. व मा खरिद भएको</td></tr>
<tr><td>मोटरसाईकल</td><td></td><td>२२</td><td>७८२९७००</td><td>विगत आ. व मा खरिद भएको</td></tr>
<tr><td>एम्बुलेन्स</td><td></td><td>१</td><td>०</td><td>सहयोग प्राप्त</td></tr>
</table>
उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा गाउँपालिकाले जे.सी.वि. सञ्चालन कार्यविधि बमोजिम प्रभाबकारी कार्यान्वयन गरी प्रयोगको अभिलेख ब्यबस्थित नभएको र सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।३।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा सम्पति,साविकका संघीय बिषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख सम्पत्ति प्राप्त गरी पालिकाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अद्याबधिक गरेको नदेखिकोले पालिकाको सम्पत्तिको लेखांकन अद्यावधिक गरी उपयोग तथा संरक्षण गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
सार्बजनिक जग्गाको संरक्षण

स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा अनुगमन गरेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखि अनुगमन नभएको कारण समेतबाट सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्न वा अरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन । कानुन बमोजिम सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।	
११			**जेसिवि तथा एम्बुलेन्सको आम्दानी खर्च** गाउँपालिकाले जेसिवि तथा एम्बुलेन्स जस्ता साधनको गत बिगत देखी खरिद गरी प्रयोगमा ल्याएको छ । प्रयोगमा ल्याएको उल्लेखित साधनहरुको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको हिसाब तयार गरी अभिलेख राखेको छैन । साथै उक्त साधनहरु बाट निशुल्क कार्य गराउदा कहा कति परीमाणको कार्य गरेको अभिलेख राखेको छैन । लेखापरीक्षणमा सो सम्पत्तिको उपयोग सो बाट प्राप्त हुने राजस्वको बिबरण पेश नभएकोले साधनको वर्षभरीको आम्दानी तथा खर्च एकीन गर्न सकीएन । जेसिवि तथा एम्बुलेन्सको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको हिसाब तयार गरी सार्वजनिक प्रयोगको विश्लेषण गरीनुपर्दछ ।	
१२			**कानून निर्माण तथा कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिएको र स्थानीय तहको लागि ४० भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ । गाउँपालिकाले हालसम्म ६ ऐन, ३ नियमावली, १२ कार्यविधि निर्माण गरी कार्यान्वयनमा आएकोमा सेवा प्रवाहको लागि आवश्यक पर्ने कानून, राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई गाउँपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको यस वर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी देखिएन ।	
१४			**कर्मचारी दरबन्दी तथा पदपुर्ति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेको बिबरण प्राप्त भएकोमा, प्रमुख प्रशासकीय अधिकृत सहित ८ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर सातौ सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य प्रदेश लोकसेवा आयोगमार्फत छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१५			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले विभिन्न पदमा ३९ जना कर्मचारी करारमा राखी तलब भत्तामा रू १ करोड ६६ लाख खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) मा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । बिगत वर्ष दरबन्दी नभएको तथा दरबन्दीभन्दा बढी बिभिन्न ईन्जिनियर लगायत ५ पदमा करारमा नियुक्ति गरी रू १९ लाख लाख ४० हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन ।	
१६			**अबकाश कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अबकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाँड तथा आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु ५०००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन ।	
१७			**अबण्डा बजेट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पे गशर्नुपर्ने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले देहाय बमोजिम रू ४ करोड अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छ । अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा बजेट अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । बजेट शिर्षक | बिनियोजन रकम	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			समपुरक म्याचिङ फण्ड: ३८०८१०००; प्रदेश म्याचिङ फण्ड: १९१९०००; जम्मा: ४०००००००	
१८			**बजेट तथा कार्यक्रम** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोही ऐनको दफा ६५,६६,६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ बमोजिम प्रकृया पुर्याईआषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र ऐनको दफा ७१ (६)बमोजिम असार मसान्त भित्र बजेट पारित गरीसक्नुपर्ने व्यवस्था छ । पालिकाले आ. ब.२०७८।७९ को बार्षिक कार्यक्रम तथा बजेट देहाय बमोजिम मिति २०७८।३।१० मा रु ४४ करोड ३० लाख ९४ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७८।३।१० मा बजेट पारित गरेको छ। पारित गरेको बजेट ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमादिग्दर्शनको देहाय प्रकृया तथा कार्यतलिकाको अबधिभित्र कार्य भएको नदेखिएकोले तोकिएको प्रकृया तथा कार्यतालिका बमोजिम बजेट पारित गरीनुपर्दछ ।	

समपुरक म्याचिङ फण्ड	३८०८१०००
प्रदेश म्याचिङ फण्ड	१९१९०००
जम्मा	४०००००००

बजेट तयारी चरण	नियममा रहेको अबधि	कार्य भएको मिति	कानूनी ब्यबस्था
स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गरी गर्नुपर्ने	प्रत्येक बर्ष पौष १५ भित्र	२०७८।२।२४	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,र स्थानीय तहको वार्षिक योजना

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

			तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५
आगामी आर्थिक बर्षको लागि आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिबरण नेपाल सरकारमा पेश गर्ने	पौष मसान्त भित्र	-	अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ को दफा १८
स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण, सन्तुलित बितरणको खाका, बजेट सीमा निर्धारण गर्ने	प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु	२०७८।२।२५	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(६) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५
आगामी आर्थिक बर्षको बजेट सिमा, गाउपालिका, बिषयगत महाशाखा,शाखा तथा वडा समितिलाई पठाउने	प्रत्येक वर्षको बैशाख १५ गते भित्र सम्पन्न गरिसक्नु	-	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(७) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५
प्राप्त बजेटको सिमाभित्र रहि बिषयगत माहाशाखा,शाखा तथा बडा समितिले		-	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(८) र स्थानीय तहको वार्षिक

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पालिकाको योजना,कार्यक्रम तथा अनुमानित, बजेट तर्जुमा गरी पेश गर्नुपर्ने</td><td></td><td></td><td>योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
<tr><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिले बिषयगत महाशाखा,शाखा तथा वडा समिति बाट प्राप्त बजेट प्राथमिकीकरण गरी अन्तिम प्रस्ताब कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्विकृत गर्नु पर्ने</td><td>असार ५ गते भित्र</td><td>२०७८।३।१०</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५</td></tr>
<tr><td>गाउँ कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ सभामा प्रस्तुत गरी सक्नु पर्ने</td><td>असार १० गतेभित्र</td><td>२०७८।३।१०</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१)</td></tr>
<tr><td>बजेट तथा कार्यक्रम सभाले पारित गरिसक्नु पर्ने</td><td>असार मसान्त भित्र</td><td>२०७८।३।१०</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(६)</td></tr>
<tr><td>सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्बन्धित पालिकाको वेवसाईटमा अपलोड गर्नु पर्ने</td><td>श्रावण १५ भित्र</td><td>छैन</td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**आयोजनाको प्राथमिकीकरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको बिकासका लागि आबधिक,बार्षिक, रणनीतीक बिषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन बिकास योजना बनाई लागु गर्नुपर्ने र योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका योजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेटको ठुलो अंश देहायबमोजिम छुट्याइएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।	

क्र. सं.	विवरण	योजना संख्या	खर्च रकम
१	१ लाख भन्दा कमको योजना	९१	६००३०६३
२	एक लाख एक देखि पाँच लाख सम्मका योजना	७८	२०९०७२४९
३	५ लाख देखि १० लाख सम्मका योजना	१३	९१७०६१६
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	१८	४१७३७८२०
५	५० लाख भन्दा माथीका	२	१२०२४१९२
	जम्मा	२०२	८९८४२९४१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>
कार्यक्रम कार्यान्वयन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने त्यस्तै बजेट कार्यन्वयन गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ र ७ मा देहाय बमोजिमको प्रक्रिया पुर्‍याइ बजेट तथा योजना कार्यान्वयन गर्नपर्ने ब्यबस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ को बार्षिक बजेट २०७८ आषाढ १० मा सभावाट स्वीकृत गरेकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।४।१ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको भएपनि बजेट कार्यान्वयनमा देहायका चरणहरुको कार्यान्वन गरेको देखिएन । ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, प्रक्रिया तथा कार्यतालिका बमोजिम बजेट कार्यान्वयन प्रक्रियालाई अबलम्बन गरीनुपर्दछ ।
<table>
<tr><th>बजेट कार्यन्वयनका चरण</th><th>नियममा रहेकोअबधि</th><th>कार्य मिति</th><th>कानूनी ब्यबस्था</th></tr>
<tr><td>अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटखर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ।</td><td>सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र</td><td>२०७८।४।१</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३</td></tr>
<tr><td>प्रमुख प्रशासकीय अधिकृतले स्विकृत कार्यक्रम सम्बन्धित विभाग/ महाशाखा/ शाखा /इकाइ प्रमुखलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने</td><td>अख्तियारी प्राप्त भएको १५ दिनभित्र</td><td>-</td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			सम्बन्धित विभाग/ महाशाखा/ शाखा/ ईकाइ प्रमुखले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने ।	योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र	-	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६	
			सबै विभाग/ महाशाखा /शाखा / इकाइ प्रमुख बाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृतकार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने		-	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६	
			गाउँकार्यपालिकाले वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने ।	आर्थिक वर्ष शुरु भएको एक महिना भित्र	-	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६	
			अनुगमन तथा सुपरीबेक्षण समिति गठन गरी, समितिले काम गरेको प्रतिबेदन प्रत्येक २ महिनामा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले अनुगमन तथा सुपरीबेक्षण समितिको प्रतिबेदनको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरु सच्चाउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति,निर्माण	एकिकृत गरी कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गरेको १५ दिन भित्र समितिले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने	-	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५)र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.१	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ब्यवसायी,परामर्शदाता र कर्मचारी)लाई आबश्यक निर्देशन दिनुपर्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>वडा अनुगमन समिति गठन गरी बडास्तरिय योजना अनुगमन गर्दा देखिएको बिषयका सम्बन्धमा अनुगमन तथा सुपरीबेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्ने ।</td><td></td><td></td><td>स्थानीय सरकारसंचालन ऐन, २०७४ को दफा १६(४) ग (४) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.३</td></tr>
<tr><td>गाउँपालिकाले ५ करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्षबाट प्रभाब मुल्याङकन गराउनुपर्ने</td><td></td><td>योजना नभएको</td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कार्यक्रम संशोधन

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा त्यस्तो कार्य सम्पन्न गर्न नसक्नुका कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी विनियोजन ऐनको परिधिभित्र रही आवश्यकता तथा औचित्य समेतको आधारमा कार्यक्रम संशोधन गरी बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न लगाउनुपर्ने व्यवस्था छ । त्यस्तै विनियोजन ऐन, २०७८ को दफा ३ को उपदफा ३ मा स्विकृत बजेट</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । गाउँसभाले यस वर्ष स्वीकृत बजेट उपशिर्षक ४९.८८ प्रतिशत सम्म रकमान्तर गरी देहाय बमोजिम रु १५ करोड ६९ लाख २३ हजारका कार्यक्रम संशोधन गरेको देखिएको छ । बजेट बिनियोजन गर्दा नै यथार्थ हुनेगरी विनियोजन ऐनमा समावेश गरी ऐनको परिधिभित्र रही खर्च गर्नुपर्नेमा संघिय बिनियोजन ऐन बिपरित सिमाभन्दा बढी रकमान्तर गरी कार्यक्रम संसोधन गर्नु उपयुक्त होईन ।	

बजेट उपशिर्षक	अन्तिम बजेट	थप	घट	प्रतिशत
संघिय समानिकरण अनुदान	१११५०००००	६३१३०५००	५०३६१०००	५६.६१
प्रदेश समानिकरण	६४१९०००	१५०००००	८०००००	२३.३६
राजश्व बाडफाड	५८४५१९८०	३९०००००	३९०००००	६.७२
आन्तरीक श्रोत	१२८२२२६०३	८७३९२८८३	१०६८१३००	६८.१५
प्रदेश समपुरक	१००००००००	१००००००	१००००००	१०
जम्मा	३१४५९३५८३	६६७४२३००	१५६९२३३७३	४९.८८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**शिर्षक फरकपारी खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गैरआवासीय भवन निर्माणका लागि सवारी साधन शिर्षकबाट देहायबमोजिम खर्च गरी निघुरादिन स्वास्थ्य चौकी भवन निर्माण गरी रु १४२६२८४।०० नेशनल निर्माण सेवालाई खर्च लेखेको पाइयो । नियमावलीमा भएको व्यवस्था विपरीत गरेको अनियमित खर्च रु..	१,४७३,७८४

गोश्वारा भौचर नं. र मिति	भुक्तानी रकम
४७।०७८।६।१७	४७५००
१२३।०७८।११।२	३६०००
१४३।०७८।१२।८	३९०००
१६२।०७८।१२।२३	२५०००
१७०।०७८।१२।२८	३२००००
३६३।०७९।३।२३	१००६२८४
जम्मा	१४७३७८४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**क्षेत्रगत बजेट तथा खर्च** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५.१.३ मा बजेटको पुर्ब तयारी गर्दा गाऊँकार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास कृयाकलापहरुलाई विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्ने त्यस्तै सोहि दिग्दर्शनको बुदा ५.२.२.३ मा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको काम, कर्तब्य र अधिकारमा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने,र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने समेत ब्यबस्था छ । श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले यस वर्ष विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्य र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय नगरी देहाय बमोजिम बजेट तर्जुमा गरी देहायबमोजिम खर्च गरेको छ । दिग्दर्शन बमोजिम विषय क्षेत्रगत वजेटको सीमा निर्धारण, क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गरी बजेट तर्जुमा तथा खर्च गरिनु पर्दछ ।	

विषयगत क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१४८८१८१५	१६२९५२७	७८।१५
सामाजिक क्षेत्र	१९०५९०५००	१६४४६३४६२	८६।२९
पूर्वाधार विकास क्षेत्र	२१४१०५७००	९२३३४४२६	४३।१३
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२०५४१५५	१४७७४४०	७१।९२
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१३५००२८८३	१०३७४११९८	७६।८४
जम्मा	**५५६६३५०५३**	**३७३६४६०५५**	**६७।१२**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**चौमासिक खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण तयार गरी नियम ३६ बमोजिम त्यसको र बित्तीय पक्षको समिक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालय ले उपलव्ध गराएको विवरण अनुसार देहाय बमोजिम प्रथम चौमासिकमा १८.७५ प्रतिशत दोस्रो चौमासिकमा १५.८३ प्रतिशत तेस्रो चौमासिकमा ६५.४२ प्रतिशत र आषाढ महिनामा मात्र ४६.७७ प्रतिशत खर्च भएको छ । गाउँपालिकाले चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न नगरी वर्षान्तमा काम गराउँदा निर्माण कार्यको सुपरभिजन, कामको गुणस्तरमा असर पर्ने भएकोले चौमासिक रूपमा सन्तुलन मिलाई बजेट खर्च गर्नुपर्दछ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	पालिका पुजिगत	१०१२४७३२८	२२२०९३४४	१८६१५५९५	६०४२२३८८	४१४९०२२५
२	शसर्त पुजिगत	१७२२०६५७	०	१४१९००	१७०७८७५७	१३९२८७५७
	जम्मा	११८४६७९८५	२२२०९३४४	१८७५७४९५	७७५०११४५	५५४१८९८२
	प्रतिशत	१००	१८.७५	१५.८३	६५.४२	४६.७७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>अन्तरसरकारी अख्तियारी

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४६ मा स्थानीय तहमार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई संघीय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । गाउँपालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानूनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनुपर्दछ ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>३७०००११६४</td><td>३६१५००००</td><td>१३५०००००</td></tr>
<tr><td>३१४०१०१२३</td><td>४७३८६३९२</td><td>४४७३५३३४</td></tr>
<tr><td>३६५०११११४</td><td>५००००००</td><td>४१६८७४०</td></tr>
<tr><td>जम्मा</td><td>८८५३६३९२</td><td>६२४०४०७४</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>बित्तीय समानीकरण अनुदानको उपयोग

राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय बिभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने बित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट बिनियोजन अध्ययन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक एबं सञ्चालन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आदीमा बिनियोजन गरी खर्च गर्न नपाईने ब्यबस्था छ । आयोगको मार्गदर्शन बिपरीत गाउँपालिकाले देहाय बमोजिम प्रशासनिक एबं सञ्चालन प्रकृतिका कार्यमा खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण गरीनुपर्दछ ।
<table><tr><td>खर्च शिर्षक</td><td>खर्च रकम</td></tr><tr><td>पारीश्रमिक कर्मचारी</td><td>६५१३०००</td></tr></table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>राजश्व बाँडफाँडबाट प्राप्त रकमको उपयोग

राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले जारी गरेको मार्गदर्शनमा राजश्व बाडफाडबाट प्राप्त हुने रकमको उपयोग गर्दा मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरीक आयबाट ब्यबस्थापन गर्ने तर अत्याबश्यक प्रशासनिक खर्चको लागी आफ्नो आन्तरिक आय अपर्याप्त भएको अबस्थामा मात्र किफायती रुपमा उपयोग गरी बाँकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट बिनियोजन गनुपर्ने उल्लेख गरेकोमा पालिकाले प्राप्त अनुदान रकम मुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरीक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरीनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>ठेक्काबाट भएको कामको अभिलेख

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५ मा स्थानीय तहले महालेखापरीक्षकले स्वीकृत गरेको लेखा ढाँचामा लेखा राखुपर्ने ब्यबस्था छ । गाउँपालिकाले ठेक्काबाट भएको कामको अभिलेख देखिने म ले प फा नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । कानुन बमोजिम स्विकृत म ले प फारम प्रयोग गरी ठेक्काबाट भएको कामको अभिलेख राखिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**खरिद कार्वाहीको अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कार्वाहीकोनिम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने ब्यबस्था छ । यस गाउँपालिकाले हरेक खरिद कारवाहीको एउटै फाइलमा देखिने गरी छुट्टै फाइल खडा गरी राखेको देखिएन । सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्वाहिको छुट्टै फाइल खडा गरी राख्नुपर्दछ ।	
३०			**शिक्षक दरवन्दि र पदपुर्ति** शिक्षा तथा मानब श्रोत बिकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा स्थानीय तहले दरवन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राबिधिक धार, प्रारम्भिक वाल बिकास सहजकर्ता र बिद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको बिद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने ब्यबस्था छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका बिद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मंन्त्रिपरिषदबाट साबिकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दि तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियमबमोजिम विद्यालय मर्ज र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ ।	

बिद्यालयको संख्या	शिक्षक दरबन्दी	पदपुर्ती	कार्यरतमध्ये अस्थायी/करार	बिद्यार्थी संख्या
३३	१८२	१७८	८८	३६४८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**अनुगमन**	
३१.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वसामान्यतामा असर नपर्नेगरी गाउँपालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन,विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ । गाउँपालिकाले अन्तरगतकाआफ्नो क्षेत्रभित्रका बिद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरीककोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता बिषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी बिद्यालयको अनुगमन नियमन गरेको प्रतिबेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।	
३१.२			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा सामुदायीक बिद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । यस गाउँपालिकाले आ.व.२०७८।७९ मा बिद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिबेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका बिद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ,।	
३२			**पेश्कि बाँकि** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त दिईने पेश्की बाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फछ्यौंट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ । पालिकाको निम्नानुसार चालु आर्थिक वर्षको अन्तसम्ममा फछ्यौंट हुन नसक्ने मोविलाइजेशन पेश्की बाँकी देखिएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) बमोजिम रनिङ बिल बाट कट्टा गरी	२,९७४,८२८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तोकेको अवधिभित्र मोविलाईजेशन पेश्की फछ्यौंट गर्नुपर्ने र अन्य पेश्कीको हकमा वर्षको अन्तसम्ममा फछ्र्यौंट हुन नसक्ने पेश्की दिएको देखिएकोले असुल फस्यौट गर्नुपर्ने रु..	

पेश्की लिएको मिति	पेश्की लिनेको नाम	बिवरण	म्याद ननाघेको पेश्की	म्याद नाघेको पेश्की
२०७८।११।२५	शुभकामना / आले जेभि	प्रशासकीय भवन	२६०००००	
२०७८।१२।२८	नेशनल निर्माण सेवा	स्वास्थ्य चौकी निर्माण		१९२०००
२०७९।१।२२	ए सि कन्ट्रक्सन	कर्मचारी आवास निर्माण	६८१००	
२०७९।२।१९	ए सि कन्ट्रक्सन	सडक स्तरोन्नती		१९६५००
२०७९।२।२९	ए सि कन्ट्रक्सन	कर्मचारी आवास निर्माण	३४०५००	
२०७८।९।३०	सोवर्ण/ हिमालयन जेभि	५ बेड अस्पताल निर्माण	३५०००००	
२०७८।११।२५	सोवर्ण/ हिमालयन जेभि	५ बेड अस्पताल निर्माण	१६५०००००	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२०७८।१२।९</td><td>शुभकामना /आले जेभि</td><td>प्रशासकीय भवन निर्माण</td><td>३९०००००</td><td></td></tr>
<tr><td>२०७८।२।२६</td><td>सोवर्ण/ हिमालयन जेभि</td><td>त्रिवेणी मार्ग गौरवको बाटो निर्माणका लागि पेश्की</td><td></td><td>२५८६३२८</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. ५००००।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>असुली तथा दाखिला</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>समयमै बैंक दाखिला नगरेको-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१) मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका र अन्तर्गतका वडाहरुले राजस्व संकलन गरी यथासमयमै बैंङ्क दाखिला गर्ने गरेको पाइएन ।तसर्थ जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी तोकिएको समयमै बैंङ्क दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>विभिन्न वडा कार्यालयहरुसँग के कति रसिदका ठेली छन् के कति प्रयोग गरी आन्तरिक आय संकलन गरेको रसिद नियण्त्रण खातामा स्पष्ट देखिने गरी अभिलेख नराखेका कारण राजस्व संकलन र आम्दानीमा विश्वस्त हुन सकिएन ।तसर्थ रसिद नियन्त्रण खाता व्यवस्थित एवं अद्यावधिक राख्न पालिकाले ध्यान दिनुपर्ने देखियो ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>घटि दाखिला

पालिकाले आम्दानी गरेको रकम आर्थिक कार्यविधि नियमावलीमा तोकिए बमोजिम यथा समयमै बैक दाखिला गर्नुपर्दछ ।पालिका कार्यालय र वडा नं २ ले संकलन गरेको राजस्व र बैंक दाखिला गरेको राजस्व भिडान गर्दा देहाय बमोजिम नपुग राजस्व असुल गरी दाखिला गराउनुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>पालिका कार्यालय/ वडा नं.</th><th>आम्दानी रकम</th><th>दाखिला रकम</th><th>दाखिला गर्न बाँकी रकम</th><th>जिम्मेवार कर्मचारी</th></tr>
<tr><td>१</td><td>वडा नं. ५</td><td>२३३८७१</td><td>२२६४७१</td><td>७४००</td><td>विनिसा वास्कोटा</td></tr>
<tr><td>२</td><td>पालिका कार्यालय</td><td>५२१६९०</td><td>५१९३९०</td><td>२३००</td><td>केदार नाथ प्रसाई</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९७००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>परामर्शबाट अध्यायन कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले उपलब्ध जनशक्तीको विश्लेषण नगरी देहाय परामर्श सम्बन्धि कार्य परामर्श दाताबाट गराएको र अध्ययन कार्य गराउँदालाग्ने खर्चको लागत अनुमान तयार गरी स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको तथा बजेट व्यवस्था भई कार्यान्वयन सुनिश्चित हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गराएको देखिएन । स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो भौ नं मिति</th><th>डि पि आर कार्य</th><th>परामर्शदाता</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>अध्यायनबाट देखिएको ल ई</th></tr>
<tr><td>१३१।२०७८।११।१६</td><td>गाईथुना कालिका संगमचोक हुदै सल्लाधारी रोड स्तरोन्नती</td><td>ईस्टन ईन्जिनियरीङ कन्सल्टेन्सी</td><td></td><td>४९४९३१</td><td>४९७९७२१५२</td></tr>
<tr><td>१७५।२०७९।१।२२</td><td>तमोर खोला आई ई ई</td><td>कन्सल्टेन्ट आर्किटेक्ट एण्ड डिजाईन प्रा लि</td><td></td><td>६०००००</td><td>ढूङगा गिटि उत्खनन</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदालाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै कार्यान्वयन हुने अयोजनाको मात्र डी.पी.आर.तयार गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>बढी पेश्की

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क मा सार्वजनिक निकायले खरिद सम्झौता पस्चात आपुर्तिकर्ता निर्माण व्यवसायी र सेवा प्रदायकबाट अग्रिम जमानत लिई खरिद सम्झौताको २० प्रतिशत नबढ्नेगरी पेश्की दिन सक्ने र पेश्की दिदा पहिलो पटक स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकि रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था छ । पालिकाले देहाय निर्माण वापत निर्माण व्यवसायीलाई ऐनमा भएको व्यवस्था तथा कार्यसम्पादन जमानत भन्दा बढि पेश्की दिएको छ । सार्वजनिक खरिद ऐन, सम्झौता बढि भुक्तानी भएको पेश्की रकम असुल गर्नुपर्ने</td><td>२,१४८,६६१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ब उ शि नं.</td><td>गो भौ नं.</td><td></td><td>Ps र मु अ कर घटाई सम्झौता रकम</td><td>दिनुपर्ने पेश्की</td><td>दिएको पेश्की रकम</td><td>बढि पेश्की रकम</td></tr>
<tr><td rowspan="3">गा पा पूँजिगत</td><td>१। २०७८ । १२।</td><td rowspan="2">शुभकामना/आले जे.भि प्रशासकीय भवन निर्माण पहिलो किस्ता</td><td rowspan="2">५६६४७७१५ ।</td><td rowspan="2">५६६४७७१</td><td>३९०००००।</td><td rowspan="2">८३५२२९</td></tr>
<tr><td>१३७। २०७८ ।१२।</td><td>२६०००००</td></tr>
<tr><td>२०७८।३।२९</td><td rowspan="3">सुबर्ण//हिमालय जे भि दुबै किस्ता</td><td rowspan="3">९३४३२८३८</td><td rowspan="3">१८६८६५६७</td><td>६५०००००</td><td rowspan="3">१३१३४३३</td></tr>
<tr><td></td><td>२०७८।९।३०</td><td>३५०००००</td></tr>
<tr><td></td><td>२०७८।११।२५</td><td>१००००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>कर समायोजन

मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई विजक दिनुपर्ने र विजक लिनु प्रापकको कर्तव्य हुने व्यवस्था छ । पालिकाले देहाय बमोजिम मुअकर वीजक नलिई मूअकर रकम भुक्तानी</td><td>९३३,०५७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको देखिएको छ । ऐन बमोजिम कर वीजक बेगर मुअकर भुक्तानी भएको देखिएकोले कर समायोजनको प्रमाण पेश गर्नु पर्ने रु....
<table>
<tr><th>गो भौ नं मिति</th><th>आपूर्तिकर्ता</th><th>खर्च रकम</th><th>मूअकर रकम</th></tr>
<tr><td>४३२।२०७९।२०७९।३।२५</td><td>एम सि कन्ट्क्सन</td><td>१३२६२५७</td><td>१५२९२३</td></tr>
<tr><td>४०।२०७८।५।३१</td><td>सोबर्ण /हिमालयन जे भि</td><td>६००१०२३</td><td>७८०१३४</td></tr>
<tr><td></td><td></td><td></td><td>९३३०५७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>निर्माण व्यवसायीबाट कार्य गराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ ।गाउँपालिकाले यो वर्ष मोटरबाटो ट्र्याक खोल्ने कार्य,सडक स्तरोन्नती तथा मर्मतको लागी देहाय बमोजिम उपभोक्ता समितिमार्फत कार्य गराउन सम्झौता गरेकोमा उपभोक्ता समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायसायीबाट गराएको बिल वीजक पेश गरी भुक्तानी लिएको छ ।नियममा भएको उल्लेखित व्यवस्था विपरीत कार्य भएकोले नियमित नदेखिएको रु.
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>गोभौनं./मिति</th><th>भुक्तानी लिने उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>बजेट खर्च रकम</th><th>कार्य गर्ने निर्माण व्यवसायीको नाम</th><th>निर्माण व्यवसायीको बिल रकम</th></tr>
<tr><td>पालिका पूँजिगत</td><td>२।२०७८।५।१५</td><td>याक्से सिबुवा खोला ओडारे मोटर बाटो उ स</td><td>सडक निर्माण</td><td>९५००००</td><td>मचिन्द्र निर्माण सेवा</td><td>९५१९१२</td></tr>
</table></td><td>१,३२७,६९७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>७५-</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>२०।२०७८।
५।१५</td><td>कमलपोखरी एक्लेपानीसम्म जोड्ने बाटो</td><td>सडक निर्माण</td><td>३७७६९७</td><td>मानाभरा निर्माण सेवा</td><td>३०९७४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
कार्यबिधि बिपरीत खरिद

फुसको छानो विस्थापन गर्ने कार्यविधि २०७६ को बुदा ७ मा यस कार्यक्रमका लागि हुने खरिद प्रकृया बुँदा ५ मा उल्लेख बाहेक सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुने र बुँदा ५ मा जस्तापाता खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ खण्ड क प्रकरण ३ बमोजिम सिलबन्दि दरभाउपत्र आव्हान गरि खरिद गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष देहाय बमोजिम फुसको छानो विस्थापनका लागि लक्षित लाभग्राहीले पेश गरेको जस्तापाता विलको आधारमा घरधुरी परिवारलाई रु.७६१९३९६ रकम उपलब्ध गराएको छ । कार्यविधि बमोजिम जस्तापाता प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी उपलब्ध गराएको नदेखिएकोले अनियमित भएको रु.

<table>
<tr><td>ब.उ.शि.नं.</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>गा पा चालु</td><td>४९९४२२२</td></tr>
<tr><td>गा पा पूँजिगत</td><td>२६२५१७४</td></tr>
<tr><td>जम्मा</td><td>७६१९३९६</td></tr>
</table>
</td><td>७,६९९,९३६</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>तलबी प्रतिवेदन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ मा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निजामती कर्मचारीको तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरि रु ८७७६०१८.२९। तलबमा खर्च गरेकोले ऐनको व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गराई मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को दफा ३ (२) मा सरकारी निकायले प्रयोग गर्ने सूचना प्रविधि प्रणाली प्रविधिक समितिको सिफारिसमा निर्देशक समितिले निर्धारण गरेको मानक बमोजिम हुनुपर्ने र निर्देशिकाको दफा ४ मा सुचना प्रविधि प्रणाली मानक बमोजिम भए नभएको सुचना प्रविधि विभागबाट प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष देहाय बमोजिमका सफ्टवयेर खरिद गरेकामा Super User Right कार्यालयको नियन्त्रणमा नरही प्रालिकै नियन्त्रणमा रहेको देखिएको छ । कार्यालयले उक्त सफ्टवयेर निर्देशिकाको मानक बमोजिम भए नभएको सूचना प्रविधि विभागबाट प्रमाणिकरणको प्रमाण पेश हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो .भौ. नं. र मिति</th><th>खरिद भएको सफ्टवयेरको विवरण</th><th>भुक्तानी रकम रु.</th><th>आपूर्तिकर्ताको नाम</th></tr>
<tr><td>१८१।२०७८।११।२</td><td>योजना सफ्टवेयर</td><td>४९६५६३</td><td>सनराइज इन्फोटेक सोलुसन्स</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४९६५६३</td><td></td></tr>
</table></td><td>४९६,५६३</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>पारिश्रमिक कर कट्टी

✂ ....(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. १२७७०।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**समानीकरणबाट शिक्षकको तलबभत्ता** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षक , कर्मचारी , बालविकासका सहजकर्ताको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक, कर्मचारी, बालविकासका सहजकर्ता लाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट देहाय बमोजिम रु ६०३५५०० तलब भत्ता भुक्तानी गरेको छ । उल्लेखित ऐन तथा मार्गदर्शन विपरीत शिक्षक, कर्मचारी, बालविकासका सहजकर्तालाई वित्तीय समानीकरणबाट दिन मिल्ने नदेखिएकोले नियमसम्मत नदेखिएको रु.	६,०३५,५००

गो .भौ. नं. र मिति	विवरण	भुक्तानी रकम रु.
४७४।२०७९।३।२१	बाल विकासको तलव भत्ता वापत विद्यालयहरु लाई निकासा	१४८३०००
४७३।२०७९।३।२१	उच्च मा वि पठन पाठन छात्रवृति वापत विद्यालयहरुलाई निकासा	१६०००००
३०५।२०७९।१।१०	बाल विकास तथा विद्यालयका कर्मचारीको तलव भत्ता वापत विद्यालयहरु लाई निकासा	५०२५००
३६।२०७८।६।२०	बाल विकास तथा विद्यालयका कर्मचारीको तलव भत्ता तथा चाडपर्वखर्च वापत विद्यालयहरु लाई निकासा	२४५००००
जम्मा		६०३५५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**औषधी उपकरण खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा १ लाख भन्दा बढीको मालसामान खरिदमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गोश्वारा भौचर नम्बर ४५।७८।८।१ वाट ड्रग इन्टरनेशनल फार्मेसीबाट औषधी उपकरण खरिद गरी रु १७६२८३४ भुक्तानी गरेको छ । ऐन विपरित खरिद कार्यको लगत अनुमान स्वीकृत नगरी खरिद गरेको ले अनियमित देखिएको रु.	१,७६२,८३४
४५			**भ्रमण अभिलेख** भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा उद्देश्य उल्लेख गर्नुपर्ने भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । त्यस गाउँपालिकाकार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शीर्षकमा रु. २८९७६४५। खर्च लेखेको देखियो । तर पालिकाले भ्रमणअभिलेख खाता नराखेकोले वर्ष भरी कुन कुन कर्मचारीलाई कहाँ खटाई के कति वटा भ्रमण आदेश जारी भयो भने यकिन गर्न सकिएन । अनिवार्य रुपमा भ्रमण अभिलेख खाता राखी भ्रमण खर्चमा नियन्त्रण तथा व्यवस्थित हुनुपर्दछ ।	
४६			**आन्तरिक लेखापरीक्षणको क्रममा देखिएको व्यहोराहरु** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ८५(१) मा आन्तरिक लेखापरीक्षणबाट देखिएको कैफियत तथा बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरुजु फस्यौंट	९३१,३८०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
गर्नु, गराउनुपर्ने व्यवस्था रहेकोमा ,पालिकाले देहायको बेरुजु अन्तिम लेखापरीक्षणसम्म पनि फस्यौंट नगरेको देहाय बेरुजु असुल फस्यौट नभएकोले प्रमाण पेह गरी फस्यौट गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>कारोबारहरुको व्यहोरा</th><th>रकम (रु.)</th></tr>
<tr><td>१२८।२०७८-११-०२</td><td>सूचना प्रकाशन बापतको रकम नवयुग मिडियालाई रु.३५१८५३ र सरल एडभर्टाईजिङ मिडिया प्रा.लि. लाई रु. १८१३८४ भुक्तानी गरिएकोमा विल पेश गर्नुपर्ने रु.</td><td>५३३२३७</td></tr>
<tr><td>१३५।२०७८-११-२०</td><td>वडा नं ४ कार्यालयको बाईक खरिद बापतको रकम पि.टु.आर अटो जोनलाई भुक्तानी गरिएकोमा विलको छाँयाप्रति मात्र पेश भएको साथै जिन्सी दाखिला नभएको देखिएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३९८१४३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९३१,३८०</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. १६८३७०।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
लागत अनुमान

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा १ लाख भन्दा बढीको मालसामान खरिदमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ साथै मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मु.अ.करमा दर्ता भएको करदाताले रितपुर्वकको कर वीजक जारी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गोश्वारा भौचर नं. १८६।०७९।३।२४ बाट सुभ किरण मेडिकोबाट रु ९४७४२१।०० को औषधि र सर्जिकल सामग्री खरिद गर्दा लागत अनुमान तयार गरेको पाइएन र फोटोकपी विजकका आधारमा मुल्य अभिवृद्धि कर ३१४५३।०० भुक्तानी दिएको पाइयो । भुक्तानी भएको रकमको मुल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने तथा लागत अनुमान तयार नगरी गरेको खरिद अनियमित देखिएको रु..
</td><td>९४७,४२१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>बढी निकासा

कार्यालयले विद्यालयमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा सहजकर्ताहरुको तलब भत्ता अनुदान निकासा गर्दा विद्यालयबाट प्राप्त माग फारम रुजु गरी निकासा दिनुपर्दछ । गाउँपालिकाले गोश्वारा भौचर नं. ६।०७८।६।२० प्रथम चौमासिकको तलब निकासा गर्दा सम्पुर्ण विद्यालयबाट माग भए भन्दा ६००००।०० बढी निकासा दिएको पाइयो । बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु..</td><td>६०,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>छात्रवृत्ति बढी निकासा

कार्यक्रम कार्यान्वयन पुस्तिकामा गैरआवासीय छात्रवृत्ति आई ई एम आई एस मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आई ई एम आई एस मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गराएको पाइएन । गोश्वारा भौचर नं. ६७।०७८।१२।२३ बाट देहायका विद्यालयलाई आई ई एम आई एस को विद्यार्थि संख्या भन्दा बढी संख्यामा बार्षिक ४०० का दरले छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति बापत रु ९६००।०० बढी निकासा दिएको पाइयो । बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु..
<table>
<tr><th>विद्यालयको नाम</th><th>छात्रवृत्ति बढी निकासा रकम</th></tr>
<tr><td>त्रिपुरेश्वर आवि</td><td>३२००</td></tr>
<tr><td>जालपा देवी आवि</td><td>१२००</td></tr>
<tr><td>सिंहदेवी आवि</td><td>१६००</td></tr>
<tr><td>पञ्चकन्या आवि</td><td>४००</td></tr>
</table></td><td>९,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>आम्बोटे आवि</td><td>२८००</td></tr>
<tr><td>परमासिंह देवी आवि</td><td>४००</td></tr>
<tr><td>जम्मा</td><td>९६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>कर दाखिला नगरेको

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु. ७५३०।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>पाठ्यपुस्तक अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिंदा आइ.ई.एम.आइ.एस.को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा एकिन गरि नपुग हुने रकम मात्र थप अनुदान दिन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले गोश्वारा भौचर नं. ८६।०७९।२।१० बाट अन्तर्गतका विद्यालयहरुलाई ७५ प्रतिशत अनुदान रकम रु १३३८३९८।०० निकासा गरेकोमा विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा एकिन नगरि बाँकी २५ प्रतिशत अनुदान रु ५४४२४५।०० प्रमाण बेगर निकासा दिई कुल १८८२६४३।०० निकासा गरेको पाइयो । निशुल्क पाठ्यपुस्तक रकम अनुदान प्रमाण वेगर निकासा दिएकोले सो खर्चको पुष्टयाई प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>१,८८२,६४३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>

अनुगमन तथा कार्यसम्पन्न

कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयलाई निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन गरेनगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पनि एक प्रति पठाउनुपर्ने व्यवस्था छ । देहायका विद्यालयहरुलाई देहायको अनुदान निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुगमन गरी खर्च सुनिश्चित गर्नुपर्ने रु..

<table>
<tr><th>क.सं.</th><th>विद्यालय</th><th>आई.सि.टि.</th><th>विज्ञान प्रयोगशाला</th><th>पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान</th><th>जम्मा</th></tr>
<tr><td>1</td><td>शान्ती आधारभुत विद्यालय</td><td>६५००००</td><td></td><td></td><td>६५००००</td></tr>
<tr><td>2</td><td>जलकन्या आवि</td><td></td><td></td><td>६५००००</td><td>६५००००</td></tr>
<tr><td>3</td><td>दुर्गा मावि</td><td></td><td>६५००००</td><td></td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१९५००००</td></tr>
</table>

</td><td>१,९५०,०००</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>

कार्यसम्पन्न प्रतिवेदन

कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान निकासा गरेको रकमको कार्यसम्पन्न प्रतिवेदन पालिकामा पेश गर्नुपर्दछ । गाउँपालिकाले सरस्वति मा.वि. लाई क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती का लागि ६५०००००।०० र ल्याव व्यवस्थापन अनुदान

</td><td>७,०००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			५०००००।०० गरी जम्मा ७००००००।०० निकासा दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश भएन । कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु..	
५४			**प्रोत्साहन तथा शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा नमुना विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्रअ र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान निकासा गर्न नतिजामा आधारित कार्यसम्पादन करार गरी विद्यालय व्यवस्थापन समितिबाट सम्झौता बमोजिमको कार्य भएको सिफारिस प्राप्त हुनुपर्ने तथा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान निकासा गर्न भौतिक कार्यप्रगति यस आ.व. मा संचालन गर्ने कार्यक्रम निर्धारण गरी गाउपालिका र विद्यालय विच भएको सम्झौता पेश हुनुपर्ने र निकासा भएको रकमबाट सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गोश्वारा भौचर नं.४५।०७८।१०।१७ बाट सरस्वती माध्यामिक विद्यालयलाई नमुना विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्रअ र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान २०००००।०० र नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान ३००००००।०० गरी जम्मा ३२०००००।०० निकासा गर्दा कार्यविधिले तोकेका नतिजामा आधारित कार्यसम्पादन करार गरी विद्यालय व्यवस्थापन समितिबाट सम्झौता बमोजिमको कार्य भएको सिफारिस र भौतिक कार्यप्रगति यस आ.व. मा संचालन गर्ने कार्यक्रम निर्धारण गरी गाउपालिका र विद्यालय विच भएको सम्झौता पेश भएन तथा निकासा भएको रकमबाट सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश भएन । नतिजामा आधारित कार्यसम्पादन करार गरी विद्यालय व्यवस्थापन समितिबाट सम्झौता बमोजिमको कार्य भएको सिफारिस भौतिक कार्यप्रगति यस आ.व. मा संचालन गर्ने कार्यक्रम निर्धारण गरी गाउपालिका र विद्यालय विच भएको सम्झौता र निकासा भएको रकमबाट सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..	३,२००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**कार्यसम्पादनमा आधारित अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ मा तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान दिँदा कार्यसम्पादन सूचकको आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने र अनुदान दिनुपुर्व शिक्षण सिकाई समयापनसम्बन्धीकार्यविधि लागु गरेको सुनिश्चितता हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले गोश्वारा भौचर नं. १६९।०७९।३।२१ बाट ५ विद्यालयलाई ५००००।०० दरले रु २५००००।०० कार्यसम्पादनमा आधारित अनुदान दिँदा शिक्षण सिकाई समयापनसम्बन्धी कार्यविधि लागु गरेको प्रमाण पेश भएन । उक्त प्रमाण पेश हुनुपर्ने अन्यथा अनुदान रकम असुल गर्नुपर्ने रु..	२५०,०००
५६			**इन्टरनेट जडान** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रति विद्यालय बार्षिक रु १२ हजार अनुदान दिने र इन्टरनेट सुविधाको व्यवस्था र प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गोश्वारा भौचर नं. १५।०७८।८।२१ बाट १२ विद्यालयलाई १४४०००।०० इन्टरनेट व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा इन्टरनेट व्यवस्थापन र प्रयोगको अनुगमन गरेको प्रमाण पेश भएन । अनुगमन गरी जडान र प्रयोगको अवस्था एकीन गरी जडान तथा प्रयोग नभएका विद्यालयको अनुदान फिर्ता गर्नुपर्ने जडान तथा प्रयोग भएको भए अनुगमन गरी खर्च सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..	१४४,०००
५७			**विद्यालय सुधार योजना सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालयहरुलाई विद्यालय सुधार योजना बापतको अनुदान सुधार योजना अद्यावधिक गरेका विद्यालयलाईमात्र निकासा गर्नुपर्ने तथा सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण अनुदान निकासा भएपछि सामाजिक परीक्षण र लेखापरीक्षणको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गोश्वारा	८९५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भौचर नं. १५।०७८।८।२१ बाट ३३ विद्यालयलाई विद्यालय सुधार योजनाको लागि ५३००००।०० र सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षणका लागि ३६५०००।०० गरी जम्मा रु ८९५०००।०० निकासा गरेकोमा विद्यालय सुधार योजना र सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षणको प्रतिवेदन पेश भएन । सुधार योजना र प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु..	
५८			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा निकासा भएको रकमबाट भएको खर्चको कार्यप्रगति विवरण विद्यालयले पालिका र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेश गर्नुपर्दछ । देहायका विद्यालयलाई निकासा भएको रकमको कार्यसम्पन्न तथा प्रगति विवरण र खर्च सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश भएन । कार्यसम्पन्न र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..	१,९५०,०००

विद्यालयको नाम	कार्यक्रम	निकासा रकम
जनकल्याण आवि	विद्यालयमा आई सि टि ल्याव स्थापना र सुदृढीकरण एवम डिजिटल लाइब्रेरी व्यवस्थापन अनुदान	६५००००
आम्बोटे आवि	विद्यालयमा आई सि टि ल्याव स्थापना र सुदृढीकरण एवम डिजिटल लाइब्रेरी व्यवस्थापन अनुदान	६५००००
गुसेश्वर मावि	विद्यालयमा आई सि टि ल्याव स्थापना र सुदृढीकरण एवम डिजिटल लाइब्रेरी व्यवस्थापन अनुदान	६५००००
जम्मा		१९५००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>

अनुदानको अनुगमन

संघीय सशर्त अनुदानबाट तोकीएबमोजिम अनुदान दिदा र खर्च गर्दा निर्देशिका अनुसार खर्च गरिनुपर्दछ । पालिकाले पकेट क्षेत्र तथा अन्य अनुदान देहायका योजना तथा कार्यक्रमहरुमा दिएकोमा सम्झौतामा तोकिए बमोजिमको प्रयोजनमा खर्च गरे नगरेको सम्बन्धमा कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको तथा अनुदान रकमबाट खरिद भएका जिवजन्तुको स्वास्थ्य परीक्षण र विमा पेश गरेको देखिएन । अनुदान रकम निर्धारित कार्यमा खर्च भएको सुनिश्चित हुन खरिद भएका जिवजन्तुको स्वास्थ्य परीक्षण, विमा र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु..

<table>
<tr><th>कार्यक्रम</th><th>अनुदान प्राप्त गर्ने फर्म तथा समिति</th><th>अनुदान रकम</th><th>कैफियत</th></tr>
<tr><td>बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम निरन्तरता</td><td>बाख्रा पकेट संचालक समिति वडा नं ४ र ५</td><td>५७६०००</td><td></td></tr>
</table>

(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु. २१६००००।- सम्परीक्षण गरिएको ।)

</td><td>५७६,०००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>

बढी ज्यालादर

नेपाल सरकार मन्त्रिपरिषदको २०७८।९।३ को निर्णयअनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २७ मा श्रमिकको काम बापतको पारीश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारीश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी

</td><td>४१३,०४०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			हुन्छ सोही दर कायम हुने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष रोजगारी दिएका ९० कामदारलाई अदक्ष कामदारको ज्याला ७७५ को असी प्रतिशतले हुने रकम ६२० कायम गर्नुपर्नेमा ६६८ कायम गरेकाले ८६०५ दिनको रु ४१३०४०।०० बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी भएको रकम रोजगार संयोजक तथा सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु	
६१			**प्रधानमन्त्री रोजगार कार्यक्रम** प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचिकृत बेरोजगार ५१६ रहेकोमा सडक स्तरोन्नती सिंचाई निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९० जनालाई २४ दिन देखी १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु. ५६८९२१७।०० खर्च गरेको छ । उक्त खर्चबाट लक्षित वर्गमध्ये केहीलाई अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा सबैलाई दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।	
६२			**बैठक भत्ता बितरण** सार्वजनिक खर्चमा मितव्यियता र प्रभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७५ को बँदा २५ मा सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन नहुने व्यवस्था छ ।त्यस्तै अर्थ मन्त्रालयबाट प्रकाशित कार्यसञ्चालन निर्देशिका,२०७७ को बुँदा ७.१.५ मा कानुन बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकको लागि कार्यालय समय बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराईने र एउटै निकाय र अन्तरगतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तै बैठकको लागि बैठक भत्ता उपलब्ध गराईने छैन भन्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिम ठेक्काको मुचुल्का र मुल्याङकन बैठकको भत्ता वापत पालिकाका कर्मचारीलाई बैठक भत्ता वितरण गरेको छ	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>। मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन, २०७५ र अर्थ मन्त्रालयबाट प्रकाशित कार्यसञ्चालन निर्देशिका, २०७७ विपरित भत्ता वितरण भएको देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>गो भौ नं</th><th>विवरण</th><th>वितरण भत्ता</th></tr>
<tr><td>१४३।२०७८।१२।८</td><td>पालिकाका ९ जना कर्मचारीलाई १५० बैठक संख्याको १५०० का दरले ठेक्काको मुचुल्का र मूल्याङकन बैठक भत्ता</td><td>२२५०००</td></tr>
<tr><td>१२३।२०७८।११।२</td><td>पालिकाका १४ जना कर्मचारीलाई २४४ बैठक संख्याको १५०० का दरले ठेक्काको मुचुल्का र मूल्याङकन बैठक भत्ता</td><td>३६६०००</td></tr>
<tr><td>१११।२०७८।१०।८</td><td>पालिकाका १८ जना कर्मचारीलाई २७४ बैठक संख्याको १५०० का दरले ठेक्काको मुचुल्का र मुल्याङकन बैठक भत्ता</td><td>४११०००</td></tr>
<tr><td>२५४।२०७९।३।१३</td><td>पालिकाका १४ जना कर्मचारीलाई २८१ बैठक संख्याको १५०० का दरले ठेक्काको मुचुल्का र मुल्याङकन बैठक भत्ता</td><td>४२१५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४२३५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>बितरणमुखि खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट गैर सरकारी संस्थाका नियमित तथा कार्यालय स्थापना जस्ता कार्यमा खर्च गर्न मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस पालिकाले यो वर्ष देहायअनुसारका २</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संस्थाको कार्यालय व्यवस्थापन लागि रु.४७५००० खर्च गरेका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छै
<table>
<tr><th>भौ नं</th><th>संस्थाको नाम</th><th>प्रयोजन</th><th>खर्च रकम</th></tr>
<tr><td>३८९।२०७९।३।१६</td><td>डाँडागाउ महिला आयआर्जन कृषक समुह</td><td>तोरी मिल स्थापना</td><td>३८००००</td></tr>
<tr><td>३१०।२०७९।३।१७</td><td>कुवापानी युवा क्लब</td><td>भवन निर्माण</td><td>९५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४७५०००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>लागत साझेदारी

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ को उपदफा २ मा उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमि स्वयमले व्यहोर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उद्यमिलाई रु २७०७८२।०० को प्रविधि हस्ताणतरण गर्दा २० प्रतिशतले हुने रकम ५४१५६।०० उद्यमिले व्यहोर्नुपर्नेमा पालिकाले कुल रकम नै भुक्तानी दिएको पाइयो । उद्यमिहरुबाट सहभागिताबापतको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु..</td><td>५४,१५६</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>गुणस्तर निरीक्षण परीक्षण

...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु. ९१३७५७।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>भवन मर्मत

गाउपालिकाको तला थप कार्यमा एम सि कन्ट्रक्सन र पालिका बिच रु ३७२५५२३।५७ मा सम्झौता भएकोमा २०७८ असोज मसान्त सम्म म्याद थप भई रु ३६८२२४५ कार्य सम्पन्न भएकोमा लेखापरीक्षणको अबधिमा आकासबाट पानी पर्दा जतातत्तै छानाबाट पानि चुहिएको अबस्था देखिएको छ । ठेक्का सम्झौतामा बमोजिम ठेक्काको मर्मत अबधि रहेकोले मर्मत गराउनुपर्ने देखिएको अन्यथा धरौटी तथा बैंक जमानत खिचि छाना मर्मत गराउनुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>दोहोरो भत्ता

दोहोरो भुक्तानी- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुदा १४ मा प्रत्येक स्थानिय तहले प्रणालिमा प्रबिष्टि गरेको लाभग्राहीको अद्यावधिक विवरण तथा फर्वाड फिडको आधारमा बैंक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस बर्ष बितरण भएको सामाजिक सुरक्षा भत्ता को श्रेष्ता परीक्षण गर्दा लाभग्राहीको लगत अद्यावधिक नगरी एकै व्यक्तिको नाममा निम्नानुसार दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको पाइएको छ । लाभग्राहीको लगत अद्यावधिक नगरी निम्नानुसार दोहोरो हुने गरी बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>नागरिकता नं.</th><th>जारी मिति</th><th>त्रैमासिक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>Parwati Khati</td><td>६४१५६११९</td><td>०८-०३-२०४६</td><td>प्रथम</td><td>७९८०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>७९८०</td></tr>
</table></td><td>७,९८०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**दोहोरो बैंङ्क खाता** सामाजिक सुरक्षा भत्ता वितरणको स्रेस्ता परीक्षण गर्दा देहायअनुसार बैंक खाता नम्बर एउटै भएका तर नाम, नागरिकता नं., जन्म मिति फरक फरक भएका व्यक्तिहरुलाई भत्ता वितरण गरेको देखियो । तसर्थ पालिकाले लाभग्राहीहरुको लगत अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गरि निम्नानुसार एउटै बैंक खाता नम्बर भएको व्यक्तिहरुलाई वितरण गरेको भत्ता रकम सम्बन्धमा दोहोरो भए नभएको यकिन गरि दोहोरो भएमा असूल गर्नुपर्ने रु...	८७,९६०

क्र.सं.	नाम थर	ना. प्र. नं.	बैंक खाता नं.	रकम
१	Harka Bahadur Limbu	०१-०१-७१-००८५७	२६७०१०००००६४९११९	१२०००
२	Mayakumari Shrestha	२२६१-३९		१२०००
३	Naar Maya Maden	०१-०१-७४-०३९६९	२६७०१००००००६१११९	१२०००
४	Tanka Bahadur Basnet	१३१-२४०६०		१२०००
५	Parbati Gurung Tamang	०१०१७८०००७५	२६७०१०००००१०३११९	१२०००
६	Ojahang Rana Magar	१६३२।१७८३		१२०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>Prabati Khati</td><td>६४१५६११९</td><td rowspan="2">२६७०१००००४६३११९</td><td>७९८०</td></tr>
<tr><td>८</td><td>Aitmaya Limbu</td><td>२८४५।७२५</td><td>७९८०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८७९६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण</td><td></td></tr>
<tr><td>६९.१</td><td></td><td></td><td>गाउपालिकालाई यस बर्ष सामाजिक सुरक्षा भत्ता बितरण गर्न नेपाल सरकारबाट बजेट रु ४७३८६३९२ विनियोजन भएकोमा पालिकाले रु ४४७३५३३४ निकासा प्राप्त गरी बैकिङ प्रणालिबाट सामाजिक सुरक्षा भत्ता वितरण गरी खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।

✂ ....(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु. ४८४३८०.४५।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६९.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ दफा २६(३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंङ्कबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा सो गरेको पाइएन । तसर्थ स्थानीय तहले सोको छानविन गरी फिर्ता हुने रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०</td><td></td><td></td><td>
दोहोरो नागरिकता नम्बर

सामाजिक सुरक्षा भत्ता वितरणको स्रेस्ता परीक्षण गर्दा देहायअनुसार नागरिकता नम्बर एउटै भएका तर नाम र जन्म मिति फरक फरक भएका व्यक्तिहरुलाई भत्ता वितरण गरेको देखियो । तसर्थ पालिकाले लाभग्राहीहरुको लगत अद्यावधिक गरी निम्नानुसार एउटै नागरिकता नम्बर भएको व्यक्तिहरुलाई वितरण गरेको भत्ता रकम सम्बन्धमा दोहोरो भए नभएको यकिन गरि दोहोरो भएमा असूल गर्नुपर्ने रु...
<table>
<tr><td>क्र.सं.</td><td>नाम थर</td><td>नागरिकता नं.</td><td>जारि मिति</td><td>त्रैमासिक</td><td>रकम</td></tr>
<tr><td rowspan="2">१</td><td>Pemba Sherpa</td><td rowspan="2">१९</td><td>१०-१०-२०६५</td><td>सबै त्रैमासिक</td><td>२५५३६</td></tr>
<tr><td>suk maya limbuni</td><td>२५-०६-२०४१</td><td>सबै त्रैमासिक</td><td>४८०००</td></tr>
<tr><td rowspan="2">२</td><td>Tek Bahadur Nepali</td><td rowspan="2">००००</td><td>१०-०१-२०७०</td><td rowspan="2">सबै त्रैमासिक</td><td>४७८८०</td></tr>
<tr><td>Tanka Prashad Angbuhang</td><td>०१-०१-२०६५</td><td>४७८८०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१६९२९६</td></tr>
</table>
</td><td>१६९,२९६</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरूजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरूजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।सो ब्यबस्था अन्तरगत कार्यालयले देहाय बमोजिम फर्छ्यौट गरी रु. १०१४४०७ बेरूजु समपरिक्षणको लागि अनुरोध गरेकोमा रु. १०१४४०७ बेरूजु सम्परिक्षण गरीएको छ । सम्परिक्षणबाट उल्लेखनीय बेरुजु देखिएको छैन ।
यस२०७६।७७ मा फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क.सं.	आ व	बेरुजु दफा नं.	बेरुजु र फछ्र्यौटको व्यहोरा	फछ्र्यौट रकम				कुल फछ्र्यौट
				असुली रकम	प्रमाण रकम	नियमित रकम	पेश्की रकम	
१	०७६।७७	२८	बढी भुक्तानी असुल भई फछ्र्यौट	७३२४०				७३२४०
२		२९	बढी भुक्तानी असुल भई फछ्र्यौट	१५८५०				१५८५०
३		३०	दोहोरो बैठक भत्ता असुल भई फछ्र्यौट	१०२००				१०२००
४		३२	कम दाखिला भएको राजस्व असुल भई फछ्र्यौट	१८००				१८००
५		३३	बढी भुक्तानी भएको बैठक भत्ता असुल भई फछ्र्यौट	३४००				३४००
६		३६	हाजिर भन्दा बढी भुक्तानी असुल भई फछ्र्यौट	५०००				५०००
७		३८	बढी भुक्तानी रकम असुल भई फछ्र्यौट	७४२२४०				७४२२४०
८		४८	नपाउने प्रशिक्षक भत्ता असुल भई फछ्र्यौट	१३२६०				१३२६०
९		४९	विल भर्पाई नराखी खर्च लेखेको विल पेश भई फछ्र्यौट		१४९४१७			१४९४१७
			जम्मा	**८६४९९०**	**१४९४१७**			१०१४४०७